# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com






❐ वर्ष : २५ ❐ अंक : ३०५ ❐ आइतवार, ३१ साउन, २०८३ ❐ Sunday, 16 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


# कर्णालीमा सुरू भयो सामाजिक सुरक्षा कोषको उपचार सेवा

***कर्णालीमा ३ सय १२ रोजगारदातामार्फत ३ हजार ७ सय ५४ श्रमिक तथा योगदानकर्ता योजनामा आबद्ध छन् । वीरेन्द्रनगरसहित प्रदेशका विभिन्न स्थानीय तह तथा प्रदेश अस्पताल, मेहलकुना अस्पताललगायत स्वास्थ्य संस्था पनि कोषमा आबद्ध छन् ।***

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० साउन

योगदानमा आधारित सामाजिक सुरक्षा योजना सुरु भएको करिब नौ वर्षपछि कर्णाली प्रदेशमा पनि सामाजिक सुरक्षा कोषअन्तर्गतको प्रत्यक्ष स्वास्थ्य उपचार सेवा सुरु भएको छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरस्थित प्रदेश अस्पताल सुर्खेतबाट सामाजिक सुरक्षा कोषको 'लाइभ उपचार सेवा' औपचारिक रूपमा सञ्चालनमा आएको हो । यसअघि कर्णालीबाहेक अन्य प्रदेशका विभिन्न अस्पतालबाट सामाजिक सुरक्षा कोषअन्तर्गत प्रत्यक्ष उपचार सेवा सञ्चालनमा आइसकेको भए पनि कर्णालीका योगदानकर्ताले यस्तो सुविधा लिन अन्य प्रदेशका अस्पतालमा जानुपर्ने अवस्था थियो । प्रदेश अस्पताल सुर्खेतले सामाजिक सुरक्षा कोषसँग सम्झौता गरेपछि अब कर्णालीमै योगदानकर्ताले स्वास्थ्य उपचार सेवा लिन सक्ने भएका छन् ।

सामाजिक सुरक्षा कोषका निर्देशक उत्तमराज नेपालले प्रदेश अस्पतालबाट सेवा सुरु भएसँगै कर्णालीका योगदानकर्तालाई स्वास्थ्य उपचारका लागि बाहिरी प्रदेश जानुपर्ने बाध्यता अन्त्य हुने बताए । उनका अनुसार सामाजिक सुरक्षा योजनामा आबद्ध योगदानकर्तालाई सहज र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले कर्णालीमा पनि प्रत्यक्ष बाँकी पृष्ठ २



## ३ हजार ७ सय ५४ योगदानकर्ता आबद्ध

सामाजिक सुरक्षा कोषको पछिल्लो तथ्यांकअनुसार कर्णाली प्रदेशमा ३ सय १२ रोजगारदातामार्फत तीन हजार ७५४ श्रमिक तथा योगदानकर्ता योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध भएका छन् । कर्णालीका विभिन्न स्थानीय तहसमेत सामाजिक सुरक्षा कोषमा जोडिएका छन् । सुर्खेतका वीरेन्द्रनगर, पञ्चपुरी, भेरीगंगा र लेकवेशी नगरपालिका, कालिकोटको तिलागुफा नगरपालिका र पचालझरना गाउँपालिका, रुकुम पश्चिमका चौरजहारी, आठबीसकोट, सानीभेरी र त्रिवेणी, जाजरकोटका शिवालय र कुशे, जुम्लाका सिंजा र तातोपानी तथा दैलेखका भगवतीमाई र डुङ्गेश्वर गाउँपालिका कोषमा आबद्ध छन् । त्यस्तै प्रदेश अस्पताल सुर्खेत, मेहलकुना अस्पताल, माया अस्पताल र सुभ होटेल सुर्खेतलगायतका संस्था पनि सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेका छन् । कर्णालीमा प्रत्यक्ष उपचार सेवा सुरु भएपछि योगदानकर्ताको स्वास्थ्य सेवामा पहुँच सहज हुनुका साथै सामाजिक सुरक्षा योजनाप्रतिको विश्वाससमेत बढ्ने अपेक्षा गरिएको कोषले जनाएको छ ।

## मातृत्व सुरक्षासमेत समेटिएको

सामाजिक सुरक्षा योजनाले महिला योगदानकर्ता वा पुरुष योगदानकर्ताकी पत्नी गर्भवती हुँदा आवश्यक स्वास्थ्य सेवासमेत समेटेको छ । नियमित गर्भ परीक्षण, प्रसूति, शल्यक्रिया, अस्पताल बसाइ, सुत्केरीपछिको छ सातासम्मको उपचार तथा जन्मेको तीन महिनासम्म शिशुको उपचार खर्च योजनाअन्तर्गत समेटिएको छ ।

प्रसूति भएपछि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम प्रसूति स्याहार बाँकी पृष्ठ २

## तीन महिना योगदान गरे पछि उपचार सुविधा

सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ अनुसार योगदानकर्ताले लगातार तीन महिना नियमित योगदान गरेपछि स्वास्थ्य उपचार सुविधा पाउने व्यवस्था छ । रोजगार सम्बन्ध अन्त्य भई योगदान रोकिए पनि त्यसपछि तीन महिनासम्म स्वास्थ्य उपचार सुविधा कायम रहने व्यवस्था गरिएको छ । औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजनाअन्तर्गत चिकित्सकको परामर्श, अस्पताल भर्ना, शल्यक्रिया, प्रयोगशाला परीक्षण, उपचार तथा औषधिको खर्च समेटिएको छ । अस्पताल भर्ना नभई ओपिडीमार्फत उपचार गराउँदा योगदानकर्ता उनका पति वा पत्नी तथा १८ वर्ष ननाघेका सन्तानका लागि वार्षिक २० हजार रुपैयाँसम्म स्वास्थ्य उपचार सुविधा उपलब्ध हुनेछ । अस्पतालमा भर्ना भएर उपचार गर्नुपर्ने अवस्थामा भने योगदानकर्ता, उनका पति-पत्नी तथा १८ वर्षमुनिका सन्तानका लागि वार्षिक एक लाख रुपैयाँसम्म उपचार सुविधा उपलब्ध हुने व्यवस्था छ । सामाजिक सुरक्षा कोषको अनलाइन प्रणालीमा आबद्ध अस्पतालमा उपचार गराउँदा उपचार खर्चको ८० प्रतिशत रकम कोषले अस्पताललाई भुक्तानी गर्नेछ भने बाँकी २० प्रतिशत योगदानकर्ताले स्वयं व्यहोर्नुपर्नेछ ।

## जाजरकोटमा ठाउँ-ठाउँमा पहिरो, सडक अवरुद्ध



❐ **काँक्रेविहार संवाददाता**
जाजरकोट, ३० साउन

जाजरकोटमा शुक्रबारदेखि परेको अविरल वर्षाका कारण ठाउँ ठाउँमा सडक अवरुद्ध भएका छन् । भेरी नगरपालिका-२ रिसाङ्मा पहिरोले घर पुरिंदा दुई जना घाइते भएका छन् ।

स्थानीय रामबहादुर शाही र केदार कार्की घाइते भएको स्थानीयबासी भक्तिप्रसाद शर्माले जानकारी दिए ।

तीन ठाउँमा सडक अवरुद्ध भएको जाजरकोटका प्रहरी प्रमुख डीएसपी बुद्धीसागर पुरीले जानकारी दिए । राति भएका कारण प्रहरी अझै घटनास्थलमा पुग्न नसकेको उनले जानकारी दिए ।

त्यस्तै, भेरी करिडोरको भेरी नगरपालिका-१ कोलचौरबाट आएको पहिरोले रावतगाउँ नजिकै सडक पुरिंदा यातायात सेवा पूर्णरुपमा ठप्प भएको छ ।

नलगाड नगरपालिका १३ फुम्दामा निर्माण गरिएको सडकबाट आएको पहिरोले बस्ती नै जोखिममा परेको शिक्षिका रेखा सिंहले जानकारी दिइन् ।

नलगाड १० मै शुक्रबार बिहानदेखि अवरुद्ध भएको भेरी करिडोरको सडक अझै सुचारु हुन सकेको छैन ।

पश्चिम जाजरकोटको छेडा जुनिचाँदे सडक खण्डको छेडागाडको लोडनीमा पहिरोले सडक अवरुद्ध भएको छ । अँध्यारो भइसकेको र पानी निरन्तर परेको कारण समस्या भएको बताएको छ ।

## बालेनलाई धन्यवाद दिँदै मोदीले भने–

# सम्बन्ध अझ सुदृढ बनाउन प्रतिबद्ध छौं





❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० साउन

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)लाई धन्यवाद दिँदै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुई देशको सम्बन्ध सुदृढ बनाउनका लागि मिलेर काम गर्न प्रतिबद्ध रहेको बताएका छन् ।

भारतको स्वतन्त्रता दिवसको अवसरमा प्रधानमन्त्री शाहले शनिबार बिहान मोदीलाई शुभकामना दिएका थिए । उनले सामाजिक सञ्जाल एक्समार्फत दिएको शुभकामना सन्देशमा नेपाल र भारतबीच रहेको गहिरो ऐतिहासिक सम्बन्ध, जनस्तरको निकट सम्बन्ध तथा दुई देशबीचको सहकार्य आगामी दिनमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गरेका थिए ।

प्रधानमन्त्री शाहले भनेका थिए, 'नेपाल र भारतबीचका गहिरो ऐतिहासिक सम्बन्ध, जनताबीचको निकट सम्बन्ध र सहकार्य आगामी वर्षहरूमा अझ बलियो हुँदै जाओस् ।'

त्यसको जवाफमा भारतीय प्रधानमन्त्री मोदीले शाहलाई धन्यवाद दिएका छन् । उनले दुई देशको सम्बन्धलाई अझ सुदृढ बनाउन मिलेर काम गर्ने प्रतिबद्धता जनाएका हुन् ।

मोदीले भनेका छन्, ' हामी हाम्रा देशका जनताको आपसी समृद्धि र कल्याणका लागि भारत र नेपालबीचको बहुआयामिक तथा युगौं पुरानो सभ्यतागत सम्बन्धलाई अझ सुदृढ बनाउन मिलेर काम गर्न प्रतिबद्ध छौं ।'

भारतको ८०औं स्वतन्त्रता दिवस शनिबार विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

## पछिल्लो २४ घण्टामा विपद्का ५२ घटना :

# १३ जनाको मृत्यु, ५ जना बेपत्ता

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० साउन

नेपालमा मनसुनी विपद् तथा अन्य प्राकृतिक प्रकोपका कारण पछिल्लो २४ घण्टामा १३ जनाको मृत्यु भएको छ भने ५ जना बेपत्ता भएका छन् । गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको बुलेटिनअनुसार देशका ४३ जिल्लामा ५२ वटा विपद्का घटना भएका छन् ।

पछिल्लो २४ घण्टाको तथ्याङ्कअनुसार ती घटनाहरूमा परी ४३ जना



घाइते भएका छन् भने ५ वटा चौपायाको क्षति भएको छ । विपद्का कारण देशभर १२ स्थानमा सडक आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ भने अनुमानित ६ लाख ४७ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको छ ।

विपद् प्रतिकार्य तथा उद्धारका लागि देशभर २ सय ६१ जना प्रहरी जनशक्ति परिचालन गरिएको र २ जनाको सकुशल उद्धार गरिएको प्राधिकरणले जनाएको छ । पहिरोका कारण मात्रै १० जनाको ज्यान गएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बिहान ८ : ४५ बजेसम्म कुल ४ सय १४ वटा वर्षा मापन केन्द्रहरूमध्ये ३४५ वटा केन्द्रमा वर्षा मापन भएको छ । जसमा सबैभन्दा बढी वर्षा स्याङ्जाको पञ्चमुल केन्द्रमा १५२.९ मिलिमिटर रेकर्ड भएको छ ।

२४ घण्टामा अधिकतम तापक्रम चितवनको रामपुरमा ३८.० डिग्री सेल्सियस र सबैभन्दा कम मुस्ताङको लेतेमा २०.६ डिग्री सेल्सियस मापन गरिएको छ । त्यस्तै न्यूनतम तापक्रम मोरङको विराटनगरमा २८.० डिग्री सेल्सियस र मुस्ताङको थाकमाफापरमार्फामा८.८डिग्री सेल्सियस बाँकी पृष्ठ २

## सम्पादकीय

# कमजोरी सच्याएर अझ प्रभावकारी बनाऊ

कर्णाली प्रदेश सरकारले छोरीहरूको सुरक्षित भविष्य, बालविवाह न्यूनीकरण र लैंगिक विभेद अन्त्य गर्ने उद्देश्यसहित सुरु गरेको 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको' कार्यक्रम अहिले अन्योलमा परेको छ । महत्वाकांक्षी उद्देश्यका साथ सुरु भएको कार्यक्रम चालु आर्थिक वर्षदेखि नीति तथा कार्यक्रमबाटै हटेपछि हजारौं बालिकाको नाममा जम्मा भएको रकम र राज्यले गरेको प्रतिबद्धताको भविष्यबारे प्रश्न उठेको छ । २०७६ साउन १ गते तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कालिकोटबाट सुरू गरेको यो कार्यक्रम सुरूआती चरणमा निकै लोकप्रिय बनेको थियो । छोरी जन्मिएपछि पहिलो महिना एक हजार र त्यसपछि हरेक महिना पाँच सय रूपैयाँ खातामा जम्मा गर्ने अवधारणाले राज्यले छोरीको भविष्यप्रति जिम्मेवारी लिएको सन्देश दिएको थियो ।

सामाजिक विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/७७ देखि गत आर्थिक वर्षसम्म ५५ हजार ९ सय १६ छोरीका खातामा ४० करोड ६२ लाख १ हजार ८ सय २५ रुपैयाँ जम्मा भइसकेको छ । यो रकम केवल बैंकमा रहेको पैसा होइन, राज्यले हजारौं छोरीसँग गरेको प्रतिबद्धता पनि हो । त्यसैले कार्यक्रम रोकिएसँगै सबैभन्दा पहिले खातामा जम्मा भएको रकमको सुरक्षा र व्यवस्थापनबारे सरकारले स्पष्ट निर्णय गर्नुपर्छ । पुराने ढाँचामा २० वर्षसम्म रकम जम्मा गर्दै जाने हो भने प्रदेश सरकारमाथि ठूलो आर्थिक दायित्व थपिने तर्क पनि असान्दर्भिक छैन । सीमित स्रोत भएको प्रदेशले दीर्घकालीन रूपमा ठूलो रकम खर्च गर्नुपर्ने अवस्था आउँदा अन्य प्राथमिक क्षेत्रमा असर पर्न सक्छ । त्यसैले कार्यक्रमको मोडल परिवर्तन गर्नुपर्ने आवश्यकता देखिन्छ । तर मोडल परिवर्तन गर्नु र कार्यक्रम नै बन्द गर्नु एउटै कुरा होइन । सरकारले पुराना लाभग्राहीप्रतिको दायित्व सुनिश्चित गर्दै नयाँ र प्रभावकारी मोडल ल्याउनुपर्छ ।

कार्यक्रमलाई केवल खातामा रकम जम्मा गर्ने योजनामा सीमित नराखी शिक्षा, सीप, उद्यमशीलता, वित्तीय साक्षरता र उत्पादनमूलक लगानीसँग जोड्न सकिन्छ । जलविद्युत् वा अन्य सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी गरी त्यसबाट प्राप्त लाभ बालिकाको हितमा प्रयोग गर्ने अवधारणासमेत अध्ययन गर्न सकिन्छ । तर यस्तो व्यवस्था पारदर्शी, कानुनी र जोखिमरहित हुन आवश्यक छ । कार्यक्रम रोकिएपछि नयाँ जन्मिएका छोरीका अभिभावकमा समेत अन्योल देखिएको छ । राज्यले घोषणा गरेको सामाजिक कार्यक्रम केही वर्षपछि रोकिँदा नागरिकको विश्वास कमजोर हुन सक्छ । त्यसैले अब सरकारले स्पष्ट समयसीमा तोकेर नयाँ मोडल कार्यान्वयन गर्नुपर्छ ।

करिब ५६ हजार छोरीका नाममा जम्मा भएको ४० करोडभन्दा बढी रकमलाई निष्क्रिय राख्नु उचित होइन। सरकारले पहिले नै कार्यक्रममा आबद्ध छोरीहरूको रकम सुरक्षित गर्ने, राज्यको दायित्व स्पष्ट गर्ने र कार्यक्रमलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने नीति तत्काल अघि बढाउनुपर्छ । 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको' कुनै एउटा सरकारको मात्र योजना होइन, कर्णालीका छोरीको भविष्यसँग जोडिएको सामाजिक प्रतिबद्धता हो । त्यसैले कार्यक्रम रोक्ने होइन, कमजोरी सच्याएर अझ प्रभावकारी बनाउँदै निरन्तरता दिनु आवश्यक छ ।

# नेपालमा समावेशी लोकतन्त्र किन सबैको गन्तव्य हो ?



उपेन्द्र विश्वकर्मा

नेपालको लोकतान्त्रिक यात्रालाई हेर्दा एउटा कुरा प्रस्ट हुन्छ—लोकतन्त्र भनेको चुनाव गराउने, सरकार बनाउने र फेरि अर्को सरकार ल्याउने व्यवस्था मात्र होइन । लोकतन्त्रको असली अर्थ त राज्यका हरेक नागरिकले आफू पनि यो देशको बराबरको हिस्सेदार हुँ भन्ने अनुभूति गर्न पाउनु हो । यही कारणले आज नेपालका लागि समावेशी लोकतन्त्र केवल एउटा राजनीतिक विकल्प होइन, सबैको साझा गन्तव्य बनेको छ । हाम्रो समाज सुरुदेखि नै जात, वर्ग, लिङ्ग, भाषा, धर्म, क्षेत्र र भूगोलका आधारमा विविध रहँदै आएको छ । यो विविधता हाम्रो शक्ति पनि हो । तर इतिहास हेर्दा सबै समुदायले राज्यका स्रोत, अवसर र निर्णय प्रक्रियामा बराबर ठाउँ पाएका छैनन् । केही समूह लामो समयसम्म शक्तिको केन्द्रमा रहे भने धेरै समुदाय राज्यको मूलधारबाट बाहिरै रहे । त्यसैले विगतका विभेद र असमानतालाई सच्याएर मात्र लोकतन्त्रलाई साँच्चिकै न्यायपूर्ण बनाउन सकिन्छ ।

नेपालमा समावेशी लोकतन्त्र आवश्यक हुनुको मुख्य कारण यही ऐतिहासिक असमानता हो । दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारु, पिछडिएका क्षेत्रका नागरिक, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा कमजोर समुदायले लामो समयसम्म राज्यका निर्णय प्रक्रियामा पर्याप्त स्थान पाउन सकेनन् । उनीहरूलाई मतदान गर्ने अधिकार त थियो, तर राज्यको नीति बनाउने र निर्णय गर्ने ठाउँमा उनीहरूको उपस्थिति निकै कमजोर थियो । लोकतन्त्रमा मत हाल्न पाउनु महत्वपूर्ण कुरा हो, तर त्यति मात्र पर्याप्त हुँदैन ।

आफ्नो आवाज नीति निर्माणसम्म पुर्‍याउन पाउनु, राज्यका अवसरमा पहुँच हुनु र सम्मानका साथ बाँच्न पाउनु पनि उत्तिकै आवश्यक हुन्छ । समावेशी लोकतन्त्रले यही कुरालाई व्यवहारमा ल्याउन खोज्छ । यसको अर्थ बहुमतले शासन गर्ने मात्र होइन, अल्पसंख्यक र पछाडि पारिएका समुदायको अधिकार पनि सुरक्षित हुनु हो । आखिर लोकतन्त्रको सुन्दरता नै यही हो—बहुमतको निर्णय मानिन्छ, तर अल्पमतको आवाज दबाइँदैन ।

नेपालको संविधानले समानता, सामाजिक न्याय, समानुपातिक समावेशीकरण र सहभागितालाई महत्व दिएको छ । यो सामान्य कुरा होइन । यसले नेपाललाई पुरानो शैलीको सीमित प्रतिनिधित्वबाट अगाडि बढेर सबै समुदायलाई राज्यको संरचनामा सहभागी गराउने बाटो रोजेको देखाउँछ । तर संविधानमा लेखिँदैमा मात्र समावेशिता पूरा हुँदैन । त्यसलाई व्यवहारमा उतार्नुपर्छ । राज्यका संस्था, राजनीतिक दल र प्रशासनिक संरचनामा त्यसको प्रभाव देखिनुपर्छ । अझ भनौं, नागरिकले आफ्नै जीवनमा त्यसको परिवर्तन महसुस गर्न सक्नुपर्छ ।

समावेशी लोकतन्त्रको अर्को महत्वपूर्ण पक्ष राजनीतिक प्रतिनिधित्व हो । लोकतन्त्रमा जनताले आफ्ना प्रतिनिधि चुन्छन् । तर प्रतिनिधित्व भनेको चुनाव जित्ने मानिसको संख्या मात्र होइन । समाजको विविधता राज्यका संस्थामा कत्तिको देखिन्छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ । यदि संसद, सरकार, स्थानीय तह, प्रशासन वा अन्य सार्वजनिक संस्थामा सधैं एउटै वर्ग र समुदायको प्रभुत्व रह्यो भने सबै नागरिकले लोकतन्त्र आफ्नो हो भन्ने अनुभूति गर्न सक्दैनन् । त्यसैले महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडिएका क्षेत्र र अन्य सीमान्तकृत समुदायको सहभागिता आवश्यक हुन्छ । उनीहरूको उपस्थिति केवल संख्या पूरा गर्नका लागि हुनु हुँदैन । निर्णय गर्ने ठाउँमा उनीहरूको वास्तविक भूमिका हुनुपर्छ ।

यसको फाइदा पनि स्पष्ट छ । समाजका फरक समुदायका मानिसले आफ्नै फरक अनुभव बोकेका हुन्छन् । दुर्गम गाउँमा बस्ने नागरिकले भोगेको समस्या काठमाडौंमा बसेर मात्र सधैं बुझ्न सकिँदैन । महिलाले भोगेका समस्या पुरुषको दृष्टिकोणबाट मात्र पूर्ण रूपमा बुझिन पनि सक्दैनन् । दलित समुदायले भोगेको विभेदको गहिराइ त्यस समुदायको अनुभवबिना बुझ्न कठिन हुन्छ । जब यस्ता समुदायका मानिस नीति निर्माणमा पुग्छन्, राज्यका निर्णयमा वास्तविक जीवनका अनुभवहरू पनि प्रवेश गर्छन् । यसले नीति र कार्यक्रमलाई बढी जनमुखी बनाउन सक्छ ।

समावेशी लोकतन्त्रको अर्को आधार सामाजिक न्याय हो । कानुनको नजरमा सबै बराबर छन् भन्न सजिलो छ, तर व्यवहारमा सबैको सुरुआती अवस्था बराबर हुँदैन । कसैसँग राम्रो शिक्षा हुन्छ, आर्थिक स्रोत हुन्छ, पहुँच हुन्छ । अर्कोतर्फ कसैलाई आधारभूत शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरसमेत सहज रूपमा प्राप्त हुँदैन । यस्तो अवस्थामा सबैलाई एउटै तरिकाले व्यवहार गर्नु नै वास्तविक समानता हो भन्न सकिँदैन । कमजोर अवस्थामा रहेका समुदायलाई केही अतिरिक्त अवसर र संरक्षण आवश्यक पर्न सक्छ ।

समावेशी लोकतन्त्रले यही वास्तविकतालाई स्वीकार गर्छ । समानताको अर्थ केवल कानुनका अगाडि बराबरी हुनु होइन; अवसरमा पनि न्यायपूर्ण पहुँच हुनु हो ।

शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, भूमि, राजनीतिक सहभागिता र सार्वजनिक सेवामा पछाडि परेका समुदायलाई अगाडि ल्याउनु सामाजिक न्यायको महत्वपूर्ण पक्ष हो । जब मानिसले राज्यबाट आफूले पनि केही पाएको महसुस गर्छ, राज्यप्रतिको विश्वास बढ्छ । त्यसको उल्टो, राज्य सधैं केही सीमित वर्गका लागि मात्र हो भन्ने भावना बढ्दै गयो भने असन्तोष पनि बढ्छ । त्यसैले समावेशी लोकतन्त्र सामाजिक न्यायसँगै राज्य र नागरिकबीचको सम्बन्ध बलियो बनाउने माध्यम पनि हो ।

नेपालको भौगोलिक विविधताले पनि समावेशी लोकतन्त्रको आवश्यकता अझ बढाएको छ । हिमाल, पहाड र तराईका नागरिकको जीवनशैली र समस्या उस्तै छैनन् । विकासका आवश्यकता पनि फरक छन् । काठमाडौंका सडक, अस्पताल वा विद्यालयको अवस्थालाई हेरेर कर्णाली वा दुर्गम हिमाली क्षेत्रको अवस्था बुझ्न सकिँदैन । कर्णाली, सुदूरपश्चिम र अन्य दुर्गम क्षेत्रका नागरिकले राज्यका सेवा र अवसर लिन अझै धेरै कठिनाइ भोगिरहेका छन् । त्यसैले समावेशी लोकतन्त्रमा भूगोलको आवाज पनि सुन्नुपर्छ । केन्द्रमा बसेर सबै ठाउँका लागि एउटै नीति बनाउनेभन्दा स्थानीय आवश्यकता, अनुभव र प्राथमिकतालाई महत्व दिनुपर्छ ।

संघीयताको मूल भावना पनि यहीसँग जोडिएको छ । राज्यको शक्ति र स्रोतलाई नागरिकको नजिक पुर्‍याउनु र स्थानीय समुदायलाई आफ्नै विकास प्रक्रियामा सहभागी गराउनु संघीयताको महत्वपूर्ण उद्देश्य हो । संघीयता प्रभावकारी बनाउन पनि समावेशी लोकतन्त्र आवश्यक हुन्छ । स्थानीय तहमा स्थानीय समुदायको आवाज बलियो भए मात्र विकासका योजना वास्तविक आवश्यकतासँग जोडिन सक्छन् । त्यसैले समावेशिता र संघीयता एकअर्काका पूरकजस्तै हुन् ।

महिला समानताको कुरा गर्दा पनि समावेशी लोकतन्त्रको महत्व झन् स्पष्ट हुन्छ । नेपालको जनसंख्यामा महिलाको हिस्सा ठूलो भए पनि लामो समयसम्म उनीहरू राजनीतिक र सामाजिक निर्णय प्रक्रियाबाट टाढा रहे । अहिले प्रतिनिधित्व बढेको छ, जुन सकारात्मक उपलब्धि हो । तर केवल संख्या बढेर मात्र पुग्दैन । महिलाले नेतृत्व गर्ने, निर्णय गर्ने र आफ्ना प्राथमिकता निर्धारण गर्ने वास्तविक अधिकार पनि पाउनुपर्छ । प्रतिनिधित्वलाई औपचारिकतामा सीमित राखियो भने त्यसको खास अर्थ हुँदैन ।

दलित समुदायको अवस्था पनि त्यस्तै छ । संविधानले अधिकार दिएको छ, कानुनले विभेदलाई निषेध गरेको छ । तर समाजमा लामो समयदेखि जरा गाडेर बसेको जातीय विभेद र छुवाछूत केवल कानुन बनाएर तुरुन्तै हट्दैन । त्यसका लागि शिक्षा, रोजगारी, राजनीतिक सहभागिता, आर्थिक अवसर र सामाजिक चेतनामा परिवर्तन आवश्यक हुन्छ । त्यसैले समावेशी लोकतन्त्रले यस्ता समस्यालाई व्यक्तिको व्यक्तिगत समस्या मात्र ठान्दैन । यो समाज र राज्य दुवैले मिलेर समाधान गर्नुपर्ने संरचनात्मक समस्या हो ।

समावेशी लोकतन्त्रले राजनीतिक स्थिरता र सामाजिक शान्ति कायम गर्न पनि मद्दत गर्छ । कुनै समुदायले आफूलाई निरन्तर उपेक्षित, अपमानित वा बहिष्कृत भएको महसुस गर्‍यो भने असन्तोष पैदा हुन्छ । नेपालमा भएका विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलनलाई पनि यही पृष्ठभूमिबाट बुझ्न सकिन्छ । नागरिकका माग समयमै सुनिए र लोकतान्त्रिक प्रक्रियाबाट समाधान खोजिए भने राज्यप्रतिको विश्वास बढ्छ । आफ्नो कुरा राख्ने ठाउँ छ, आफ्नो प्रतिनिधि छ र न्याय पाउने सम्भावना छ भन्ने विश्वास नागरिकमा भयो भने असन्तोषले उग्र रूप लिनुपर्ने अवस्था कम हुन्छ । त्यसैले समावेशी लोकतन्त्र सामाजिक न्यायको मात्र कुरा होइन, राष्ट्रिय एकता र राजनीतिक स्थायित्वको आधार पनि हो ।

तर यहाँ एउटा कुरा बुझ्न जरुरी छ । समावेशी लोकतन्त्र भनेको सबैलाई कुनै न कुनै पद बाँडिदिनु मात्र होइन । कसैलाई प्रतिनिधित्व दिइयो भन्दैमा उसले वास्तविक निर्णय गर्ने अधिकार पाएको हुन्छ भन्ने पनि छैन । वास्तविक समावेशिता त्यतिबेला हुन्छ, जब राज्यका संस्था पारदर्शी, उत्तरदायी र सक्षम हुन्छन् । अवसर दिँदा योग्यता, आवश्यकता र सामाजिक न्यायबीच उचित सन्तुलन कायम गर्नुपर्छ । राजनीतिक दलहरूले पनि समावेशितालाई बाँकी पृष्ठ ३

# बाटो र भिरपाखामा समेत मौरीका घार, मह बेचेरै वार्षिक लाखौं आम्दानी

कांक्रेविहार संवाददाता
बैतडी, ३० साउन

घरको भित्तामा लहरै मौरीका घार छन् । स्थानीय काठबाट बनेका घार राख्न स्थान अभाव भएपछि बाटो तथा भिरमा पनि घारहरू राखिएका छन् । बैतडीको सुर्नया गाउँपालिका-७ मालम बगरका प्रेमबहादुर विष्टका ५० घार मौरी छन् । पच्चीस वर्षदेखि मौरीपालन व्यवसायमा आबद्ध विष्टले वर्षमा दुई क्विन्टल मह उत्पादन गर्दै आएका छन् । स्थानीय बजार र जिल्लाबाहिर पनि मह बिक्री हुने गरेको छ ।

बजारमा महको माग बढ्दै गएकाले थप व्यवसाय विस्तार गर्न सके बजारको समस्या नरहेको विष्ट



बताउछन् । "लामो समयदेखि मौरीपालन गरेको हुँ । व्यवसाय बढाउँदै यहाँसम्म ल्याइपुर्‍याएको छु । घार राख्ने ठाउँ नभएर सडक किनार र भिरपाखामा पनि राखेको छु", विष्टले भने । युवापुस्ता रोजगारीको खोजीमा विभिन्न मुलुकतिर गएका बेला विष्ट भने मौरीपालन व्यवसायमा रमाइ रहेका छन् । मह बेचेर नै उनले घरपरिवार धानिरहेका छन् । बजारको कुनै समस्या छैन । स्थानीय बजारमै १५ सय रूपैयाँ प्रतिकिलो मह बिक्री हुने गरेको छ । वर्षमा अढाइदेखि तीन लाख रूपैयाँसम्म आम्दानी हुने गरेको उनले बताए । "चैत-वैशाखको बीचमा एकपटक र कात्तिक-मङ्सिरमा दोस्रोपटक गरी दुईपटक मह निकाल्छु, एकपटक निकाल्दा एक क्विन्टल बढी हुन्छ", उनले भने, "हालसम्म उत्पादन हुँदै आएको महले बजार पनि पाइरहेको छ ।"

आम्दानीको राम्रो सम्भावना भए पनि परम्परागत तरिकाले मौरीपालन गरिरहेकाले मौरी जोगाउन निकै कठिन हुने गरेको छ । "आधुनिक घारहरू छैनन्", उनले भने, "काठको परम्परागत घारहरूमा जङ्गली जनावर मलसाप्रो र वर्षातको समयमा चिसोबाट पनि बचाउन सकस हुने गरेको छ ।" पछिल्लो समयमा तरकारी खेतीमा प्रयोग हुने विषादीले चुनौती थपिएको विष्टले बताए । "मौरीहरू फुल फुलेको ठाउँमा पुग्छन् । तरकारीखेतीमा विषादीको प्रयोगले मौरी पनि मर्ने गरेका छन् ।", उनले भने । उनी मौरीपालनसँगै बाख्रापालनमा पनि व्यस्त छन् ।

## १३ जनाको...

रेकर्ड भएको छ ।

चालु आर्थिक वर्ष २०८३ वैशाख १ गतेदेखि साउन २ ९ गतेसम्मको अवधिमा देशभर कुल ४ हजार ६ सय ५९ वटा विपद्का घटनाहरू भएका छन् ।

यी घटनाहरूमा परी हालसम्म २ सय २९ जनाको मृत्यु भएको छ भने ९ जना अझै बेपत्ता रहेका छन् ।

सोही अवधिमा १ हजार ४ सय ६३ जना घाइते भएका छन् भने कुल ५ हजार ७ सय ९ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । समीक्षा अवधिमा सबैभन्दा बढी मानवीय क्षति सर्पदंश र पहिरोका कारण भएको देखिएको छ ।

## कर्णालीमा...

उपचार सेवा विस्तार गरिएको हो । प्रदेश अस्पताल सुर्खेतका निर्देशक डा. गणेश थापाले सामाजिक सुरक्षा कोषसँगको सहकार्यपछि अस्पतालमा आबद्ध योगदानकर्तालाई उपचार सेवा लिन थप सहज भएको बताए। उनका अनुसार प्रदेश अस्पतालमा दैनिक दुई हजारदेखि चार हजारसम्म बिरामीले ओपिडी सेवा लिने गरेका छन् ।

## मातृत्व...

खर्चका रूपमा उपलब्ध गराइने व्यवस्था छ । २४ हप्ताभन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्मिएको अवस्थामा समेत यो सुविधा लागू हुने कोषले जनाएको छ । त्यस्तै योगदानकर्ता, उनका पति पत्नी वा १८ वर्षमुनिका सन्तान दुर्घटनामा परी उपचार गर्नुपर्ने अवस्थामा अधिकतम एक लाख रुपैयाँसम्म उपचार सुविधा पाउने व्यवस्था छ । अस्पतालसम्म पुग्न नसक्ने अवस्थामा घरमै उपचार गर्नुपरेमा चिकित्सक वा स्वास्थ्यकर्मीले घरमै पुगेर दिएको परामर्श सेवाको शुल्कसमेत योजनाले समेटेको छ । कर्णालीमा सामाजिक सुरक्षा कोषको प्रत्यक्ष उपचार सेवा सुरु भएसँगै प्रदेशका हजारौं योगदानकर्ता र उनीहरूका परिवारले स्वास्थ्य उपचारमा प्रत्यक्ष लाभ लिन सक्ने भएका छन् । अब कोषमा आबद्धता विस्तारसँगै सेवाको प्रभावकारी कार्यान्वयन र प्रदेशका थप अस्पताल तथा स्वास्थ्य संस्थालाई योजनामा जोड्नु चुनौतीका रूपमा देखिएको छ ।

# खानेपानी नियमित गर्न प्रजिअ मुहानमै



**कांक्रेविहार संवाददाता**
मुगु, ३० साउन

जिल्ला सदरमुकाम गमगढी बजारमा १२ दिनदेखि खानेपानी आपूर्ति अवरुद्ध भएपछि नियमित आपूर्तिको अवस्था बुझ्न प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीको नेतृत्वमा अनुगमन टोली पानीको मुहानसम्म पुगेको छ।

बिहीबार छायानाथ रारा नगरपालिका-८ स्थित झ्यारी खोलाको चुल्ठी पानी मुहानमा पुगेको टोलीले गमगढी बजारमा खानेपानी आपूर्तिको अवस्था तथा मुहानदेखि बजारसम्मको पाइपलाइनको अनुगमन गरेको हो।

लामो समयदेखि खानेपानी आपूर्ति नियमित नहुँदा बजारवासी, विद्यार्थी, सरकारी कार्यालयका कर्मचारी, व्यवसायी तथा सेवाग्राहीलाई दैनिक उपभोगका लागि आवश्यक पानी जुटाउन समस्या भएको थियो। शनिबारदेखि पानी आपूर्ति नियमित भएपछि सेवाग्राहीलाई राहत मिलेको छायानाथ रारा नगरपालिका-२ का स्थानीय प्रेमलाल रोकायाले जानकारी दिए।

प्रमुख जिल्ला अधिकारी भण्डारीका अनुसार ताच्चाखोलामा आएको बाढीपहिरोले खानेपानीको पाइप बगाएपछि तत्काल मर्मत गरी पानी आपूर्ति नियमित गर्न चार जना सुरक्षाकर्मीसहितको टोली शुक्रबार उक्त स्थानमा पठाइएको थियो।

उनले गमगढी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्षलाई नियमित र स्वच्छ खानेपानी आपूर्तिमा विशेष ध्यान दिन सुझाव दिएका छन्।

गमगढी बजारमा लामो समयसम्म खानेपानी आपूर्ति नियमित हुन नसक्नुको कारण तथा उपभोक्ता समितिले पानी व्यवस्थापनका लागि गरेका प्रयासबारे जानकारी लिन सदरमुकामदेखि करिब तीन घण्टाको दूरीमा रहेको पानीको मुहानसम्म अनुगमन टोली पुगेको हो।

अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारी, सहायक प्रमुख जिल्ला अधिकारी धनकृष्ण पाण्डे र राष्ट्रिय अनुसन्धान कार्यालय मुगुका प्रमुख राजेन्द्रबहादुर चन्दलगायतको सहभागी थियो।

# एक वर्षमा पाँच झोलुङ्गे पुल निर्माण, चार अन्तिम चरणमा



**कांक्रेविहार संवाददाता**
हुम्ला, ३० साउन

जिल्लामा आर्थिक वर्ष २०८२/८३ मा निर्माण सुरु भएका पाँच वटा नयाँ झोलुङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन्। पुल सञ्चालनमा आएपछि पैदल यात्रु, पशुवस्तु ओसारपसार गर्ने स्थानीय तथा जडीबुटी सङ्कलन गर्ने किसानलाई आवतजावतमा सहज भएको छ।

यसअघि एउटा झोलुङ्गे पुल निर्माण गर्न तीनदेखि चार वर्षसम्म लाग्ने गरे पनि हुम्ला जिल्ला सडक सञ्जालसँग जोडिएपछि निर्माण सामग्री ढुवानीमा सहजता आएकाले अधिकांश पुल एक वर्षभित्रै निर्माण सम्पन्न भएका हुन्। पूर्वाधार विकास कार्यालयका प्राविधिक भुलबहादुर शाहीका अनुसार सडक पहुँच विस्तारसँगै पुल निर्माण कार्य समयमै सम्पन्न हुन थालेको हो। एक वर्षभित्र निर्माण सम्पन्न भएका पुलमध्ये अदानचुली गाउँपालिका-५ को पाल्स गाउँ जोड्ने लिब्रागार्ड झोलुङ्गे पुल, नाम्खा गाउँपालिका-५ यारीस्थित ह्याङ्सी खोलाको झोलुङ्गे पुल, सर्केगाड गाउँपालिका-७ को पर्वुता ट्रस ब्रिज, खार्पुनाथ गाउँपालिका-१ र २ लाई जोड्ने लालीबगरस्थित कर्णाली नदीमाथिको झोलुङ्गे पुल तथा ताँजाकोट गाउँपालिका-२ र ४ लाई जोड्ने हुङ्वार झोलुङ्गे पुल रहेका छन्। यी पुल निर्माणका लागि सडक सञ्जालबाटको दूरीका आधारमा स्टिल संरचना बाहेक ४० लाखदेखि एक करोड रुपैयाँसम्म खर्च भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

पाँचवटै पुल सञ्चालनमा आएपछि स्थानीयवासीलाई खोला तर्नुपर्ने जोखिमबाट मुक्ति मिलेको छ भने पैदल यात्रामा लाग्ने समयसमेत घटेको छ। नाम्खा गाउँपालिका-५ यारीका सोनाम लामाका अनुसार पुल निर्माण भएपछि स्थानीयको दैनिक जीवन सहज बनेको छ। स्थानीयको सक्रिय सहभागिताका कारण छोटो समयमै निर्माण कार्य सम्पन्न गर्न सम्भव भएको उनले बताए।

**चार झोलुङ्गे पुल अन्तिम चरणमा**

जिल्लाका विभिन्न स्थानमा निर्माणाधीन चार वटा झोलुङ्गे पुल भने अन्तिम चरणमा पुगेका छन्। असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि केही प्राविधिक तथा व्यवस्थापकीय कारणले काम बाँकी रहेकाले अहिले अन्तिम चरणको निर्माण कार्य भइरहेको छ। अन्तिम चरणमा रहेका पुलमध्ये चंखेली गाउँपालिका-४ को घड्केखोला झोलुङ्गे पुल, सर्केगाड गाउँपालिका-२ र ३ जोड्ने रातोपानी झोलुङ्गे पुल, ताँजाकोट गाउँपालिका-२ र ४ जोड्ने पैमा खोला ट्रस ब्रिज तथा ताँजाकोट गाउँपालिका-१ र बाजुरा जिल्लाको हिमाली गाउँपालिका-५ जोड्ने गोठीगाँडा झोलुङ्गे पुल रहेका छन्। यी सबै पुल चालु आर्थिक वर्षको पहिलो चौमासिकभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

# बाइस किलो यार्चा निकासी



**कांक्रेविहार संवाददाता**
गमगढी, ३० साउन

जिल्लाको माथिल्लो मुगुको पाटन क्षेत्रमा यार्चागुम्बा सङ्कलन सकिएको छ। जिल्लाबाट २२ किलो यार्चागुम्बा निकासी भएको छ।

डिभिजन वन कार्यालय मुगुका सूचना अधिकारी वसन्ती बुढाका अनुसार गएको आर्थिक वर्ष असार मसान्तसम्ममा २२ किलो यार्चागुम्बा जिल्लामा सङ्कलन तथा निकासी हुँदा स्थानीय व्यापारीबाट छ लाख ८२ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ।

डिभिजन वन कार्यालयको राजस्व सङ्कलन निर्देशिका अनुसार यार्चागुम्बा निकासीका लागि प्रतिकिलो ३१ हजार दस्तुर लिने गरिएको उनले बताए।

जिल्लाको उत्तरी भेगमा पर्ने मुगुमकार्मारोङ गाउँपालिकाको मुगु र डोल्पुगाउँको सामुदायिक वनको पाटनमा यार्चा पाइने गर्छ। मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाका अनुसार गाउँपालिकाको यार्चागुम्बा सङ्कलन कार्यविधि अनुसार वैशाखमा यार्चा उत्पादन हुने पाटन क्षेत्रमा हिउँ हुने भएकाले जेठको पहिलो हप्तादेखि यार्चागुम्बा सङ्कलन अनुमति दिने गरिएको छ।

गएको आर्थिक वर्षमा जिल्लाबाहिर र जिल्लाभित्रका गरी एक हजार दुई जना यार्चा सङ्कलन अनुमति लिएकाबाट २८ लाख ४७ हजार राजस्व सङ्कलन भएको पालिकाको रेकर्डमा उल्लेख छ।

अनुमतिबिना बहुमूल्य जडीबुटी यार्चागुम्बा सङ्कलन गर्न पाईंदैन। अनुमति रसिद नलिएर चोरीसिकारी गर्नेलाई यार्चा सङ्कलन कार्यविधि अनुसार दण्डजरिबाना गर्ने निर्देशिकामा उल्लेख छ।

स्थानीय पाल्जुफुटिक लामाका अनुसार यार्चागुम्बा सङ्कलन उपयुक्त समय जेठदेखि असारसम्म मानिन्छ। यार्चा खोजीका लागि घरदेखि दुई दिन हिंडेर ओढ्ने, ओच्छ्याउने, रासनलगायत सम्पूर्ण बन्दोबस्तीका सामान लिएर बालबालिका र महिला जोखिम मोल्दै जाने गर्छन्। यार्चागुम्बा प्रतिगोटाको छ सयदेखि आठ सयसम्म किनबेच हुने गरेको छ।

यसै गरी यार्चा प्रतिकेजी १८ लाखदेखि २० लाखसम्म स्थानीय व्यापारीले खरिद गर्ने गरेको उनले बताए।

यार्चागुम्बाको मूल्य अन्तर्राष्ट्रिय बजारमा सुनभन्दा महँगो भएकाले स्थानीय ज्यान नै जोखिममा राखेर भए पनि यसको खोजी र सङ्कलन गर्ने गर्छन्। यार्चागुम्बा भेटिने मौसममा समुद्री सतहबाट हजारौं मिटरमाथिको पाटन क्षेत्रमा पुगु पर्छ। यो मौसममा यहाँका गाउँ नै रित्ता हुने गर्छन्।

# जिल्ला अस्पताल दैलेखमा विशेषज्ञ सेवा




**कांक्रेविहार संवाददाता**
दैलेख, ३० साउन

दैलेख जिल्ला अस्पतालले महिलाको उपचारमा विशेषज्ञ सेवा थप गरेको छ। गत शुक्रबारदेखि अस्पतालले पाठेघरको शल्यक्रिया, स्तन क्यान्सर तथा आङ खस्ने समस्याको विशेष सेवा थप गरेको हो।

साथै अस्पतालले १८ हप्तासम्मको सुरक्षित गर्भपतन सेवा र पाठेघरको मुखमा क्यान्सरको सुरुको चरणमा तातोले सेकेर निको पार्ने प्रविधिबाट उपचार सेवा पनि थप गरेको छ।

शनिबारदेखि अस्पतालमा गाइनोलोजिष्ट डा जगत थापा (एमडी) को आगमनसँगै महिला स्वास्थ्यसम्बन्धी सेवा सञ्चालन भएको स्वास्थ्य सेवा कार्यालय दैलेखका प्रमुख डा मनोज विश्वकर्माले जानकारी दिए।

यसैबीच, स्वास्थ्य सेवा कार्यालय दैलेखको जिम्मेवारी सम्हालेपछि कार्यालयको प्रशासनिक काममा पारदर्शिता कायम गरिएको र अस्पतालभित्र फोहर व्यवस्थापनलगायत उचित प्रबन्ध मिलाइएको डा. विश्वकर्माले बताए।

म्याद नाघेका औषधिको उचित व्यवस्थापन गरिएको छ। अस्पतालमा दैनिक १० जनाभन्दा बढी महिला विशेषज्ञ सेवा लिन आउने गरेका छन्।

## नेपालमा...

चुनावी नाराका रूपमा मात्र प्रयोग गरेर पुग्दैन। पार्टीभित्रै नेतृत्व विकास, उम्मेदवार छनोट, निर्णय प्रक्रिया र स्रोतको वितरणमा लोकतान्त्रिक अभ्यास हुनुपर्छ। नत्र बाहिरबाट हेर्दा पार्टी समावेशी देखिए पनि वास्तविक शक्ति केही सीमित व्यक्तिकै हातमा रहन सक्छ।

यसमा नागरिक समाज, सञ्चारमाध्यम र नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ। नागरिक समाजले पछाडि परेका समुदायको आवाज उठाउन सक्छ।

सञ्चारमाध्यमले राज्यका कमजोरीलाई प्रश्न गर्न सक्छ। नागरिकले पनि आफ्नो समुदायको मात्र अधिकार खोज्ने होइन, अरू समुदायको अधिकार र सम्मानलाई पनि स्वीकार गर्ने संस्कार विकास गर्नुपर्छ। लोकतन्त्र भनेकै अरूको अधिकारलाई सम्मान गर्ने अभ्यास पनि हो। यही भावनाले साझा नागरिकताको विकास गर्छ।

अन्ततः नेपालको लोकतन्त्र कति सफल भयो भन्ने कुरा केवल कति पटक चुनाव भयो वा कति पटक सरकार फेरियो भन्ने आधारमा मात्र मापन गर्न मिल्दैन। लोकतन्त्रले नागरिकको जीवनमा कति समानता, न्याय, सम्मान र अवसर ल्यायो भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ। यदि राज्यका अवसर केही सीमित समूहमा मात्र केन्द्रित भइरहे, सामाजिक विभेद कायमै रहे, दुर्गम क्षेत्रका नागरिक राज्यबाट टाढै रहे र सीमान्तकृत समुदायको आवाज निर्णय प्रक्रियामा कमजोर रह्यो भने लोकतन्त्र अधुरै हुन्छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक रूपमा विविध देश हो। यही विविधतालाई कमजोरीका रूपमा होइन, लोकतन्त्रको आधारका रूपमा स्वीकार गर्नुपर्छ। सबै नागरिकलाई राज्यको समान हिस्सेदार बनाउनु आजको प्रमुख लोकतान्त्रिक आवश्यकता हो। समावेशी लोकतन्त्रले कसैलाई अनावश्यक विशेषाधिकार दिन खोजेको होइन; बरु इतिहासदेखि पछाडि पारिएका मानिसलाई समान नागरिकको हैसियतमा उभ्याउने प्रयास हो। यसले बहिष्करणको ठाउँमा सहभागिता, विभेदको ठाउँमा समानता, प्रभुत्वको ठाउँमा साझेदारी र अविश्वासको ठाउँमा विश्वास निर्माण गर्न खोज्छ।

त्यसैले नेपालमा समावेशी लोकतन्त्र कुनै एक जाति, वर्ग, क्षेत्र वा राजनीतिक समूहको मात्र गन्तव्य होइन। समान अधिकार, सम्मान, अवसर र न्याय चाहने हरेक नेपालीको साझा गन्तव्य हो। नेपालको लोकतान्त्रिक भविष्य पनि अन्ततः समावेशितालाई कागजमा मात्र होइन, नागरिकको दैनिक जीवनमा कति व्यवहारिक र प्रभावकारी बनाउन सकिन्छ भन्ने कुराले निर्धारण गर्नेछ।

*(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन्)*

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# प्रवासी नेपालीलाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० साउन

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रवासमा रहेका नेपालीलाई नेपालमा ढुक्क भएर लगानी गर्नका लागि आह्वान गरेका छन् ।

चीनको ग्वाङ्झाउ सहरमा आजदेखि सुरु भएको गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को ११औँ एसिया प्यासेफिक सम्मेलनलाई भिडियो सन्देशमार्फत नेपालमा लगानीको वातावरण बन्दै गइरहेकाले ढुक्क भएर लगानी गर्नका लागि अनुरोध गरेका छन् ।

"सरकारले लगानीको माहोल बनाइरहेको छ । देशमै रोजगारीको वातावरण सिर्जना गर्ने वातावरण भइरहेको छ", उनले भने "एआई र सूचना प्रविधि क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने गरी नीतिगत रणनीतिहरू कार्यान्वयन भइरहेको छ ।

त्यसैले पनि नेपालमा ढुक्क भएर लगानी गर्न प्रवासी नेपालीहरूलाई आग्रह गर्दछु ।" मन्त्री वाग्लेले नेपालको



पर्यटन, सूचना प्रविधि र ऊर्जा क्षेत्रमा लगानी गर्नका लागि अनुरोध गरेका छन् ।

"प्रवासी साथीहरू, अब नेपाल आएर ढुक्कसँग नेपालमा लगानी गर्नुहोस् । पर्यटन, सूचना प्रविधि क्षेत्रमा, हरित ऊर्जा, उच्च मूल्ययुक्त कृषिमा र आयात प्रतिस्थापन हुने क्षेत्रमा लगानी गर्नुहोस्", उनले भने, "सरकारले नतिजा देखिने गरी तीव्र गतिमा काम गरिरहेको छ । बजेटबाट २७ वटा नयाँ कानुनी ऐन ल्याएर लगानीमैत्री वातावरण बनाउन सरकारले काम गरिरहेको छ ।" अर्थमन्त्री वाग्लेले सम्मानजनक रोजगारी सिर्जना गर्न सरकारले विशेष ध्यान दिएको बताए ।

सरकारको आम्दानी बढाउन कर प्रणालीमा सुधार गरेको पनि उनको भनाइ छ । बजेटमार्फत आर्थिक राजकाजको जहाज मोडेको र पहिलो वर्ष सुधारको सुरुआत मात्रै गरेको उनले उल्लेख गरे ।

# अब अनलाइनमार्फत स्वास्थ्य बीमामा आबद्ध हुन सकिने

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० साउन

स्वास्थ्य बीमा बोर्डले अनलाइनबाट बीमामा आबद्ध हुनसक्ने प्रक्रिया सुरु गरेको छ । बीमा कार्यक्रममा नयाँ आबद्धता, बीमालेख नवीकरण, सेवाग्राहीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने (केवाईसी अपडेट) लगायत सबै काम अनलाइनामार्फत गर्न सकिनेछ ।

बोर्डका प्रवक्ता डा. पवनकुमार शाहले यसअघि बीमा कार्यक्रममा दर्ता सहयोगीमार्फत सर्वसाधरण बीमा आबद्ध हुने गरेकामा शुक्रबारदेखि सुरु गरिएको सेवामार्फत अनलाइनबाटै सबै विवरण र सेवा प्राप्त गर्न सकिने जानकारी दिए 'हामीले बीमामा आबद्ध




हुनका लागि अनलाइनामार्फत आफैँले फारम भर्न मिल्ने प्रणाली सुरु गरिसकेका छौँ', उनले भने, 'अबदेखि दर्ता सहयोगीविना बीमा आबद्धता, नवीकरणलगायत सबै काम हुन्छन् ।'

'विद्युतीय माध्यमबाट स्वास्थ्य बीमामा आबद्धता तथा बीमालेख नवीकरणसम्बन्धी कार्यविधि, २०८३' बमोजिम अनलाइनमार्फत बीमा आबद्धता र नवीकरण गर्न सुरु गरिएको प्रवक्ता शाहले बताए । उनका अनुसार यसका लागि 'इसेवा', 'खल्ती' र 'कनेक्ट आइपिएस'मार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

उक्त प्रणालीमार्फत व्यक्ति स्वयम्ले तथा दर्ता सहयोगीले परिवारलाई डिजिटल माध्यमबाट स्वास्थ्य बीमामा आबद्ध तथा बीमालेख नवीकरण गर्न सक्नेछन् । अहिले बीमामा ५९ लाख ७० हजार ४०३ जना आबद्ध भएका प्रवक्ता शाहले जानकारी दिए । उनका अनुसार स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि ३ हजार ५०० बराबरको योगदानको आधारमा १ लाखसम्मको स्वास्थ्य सेवा उपलब्ध गराइन्छ ।

थप प्रतिसदस्य ७०० रुपैयाँका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । यस्तै, आठ प्रकारका कडा रोगमा १ लाख बराबरको थप सेवा प्रदान गरिने स्वास्थ्य बीमा बोर्डले जनाएको छ ।

# कतारमा नेपाली महिला भलिबल टोली सेमिफाइनलमा प्रवेश



**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० साउन

कतारमा सञ्चालित सामुदायिक स्तरीय मैत्रीपूर्ण महिला भलिबल प्रतियोगितामा नेपाली टोलीले आफ्नो प्रभावशाली यात्रा जारी राख्दै सेमिफाइनलमा स्थान बनाएको छ ।

शुक्रवार भएको क्वार्टरफाइनल खेलमा नेपालले फिलिपिन्स 'सी' लाई सोझो सेटमा पराजित गर्‍यो । एकपक्षीय बनेको खेल नेपालले २५-४ र २५-१४ को सहज अन्तरले आफ्नो पक्षमा पार्‍यो । यसअघि नेपालले ट्युनिसिया र कतार फाउन्डेसनलाई पराजित गर्दै क्वार्टरफाइनलको यात्रा तय गरेको थियो ।

कोशेली मगरको कप्तानीमा मैदान उत्रिएको नेपाली टोलीलाई हौसला दिन खेलस्थलमा उल्लेख्य संख्यामा नेपाली समर्थकहरूको उपस्थिति रहेको थियो । 'नेपाल,नेपाल' को नारासहित समर्थकहरूले टोलीको उत्साह बढाएका थिए ।

नेपाली टोलीको लगातारको जितपछि एनआरएनए एनसीसी कतारका अध्यक्ष कृष्ण पन्थीले टोली उपाधिनजिक पुगेको भन्दै यसपटक कप नेपालले नै जित्नेमा आफू पूर्ण विश्वस्त रहेको प्रतिक्रिया दिए ।

# भूकम्पमा परि २८७ जनाको मृत्यु, ४०० अझै बेपत्ता



**काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० साउन

कोलम्बियामा गत सोमबार गएको विनाशकारी भूकम्पमा परी ज्यान गुमाउनेको संख्या २८७ पुग्नुका साथै करिब ४०० जना अझै बेपत्ता रहेको जनाइएको छ । कोलम्बियाका अधिकारीहरूले काली र पेरेरा सहरमा दुई तिहाइ भन्दा मानिसहरुको मृत्यु भएको बताएका छन् । घाइतेहरू मध्ये आधा भन्दा बढी प्रमुख सहरी केन्द्रहरूमा रहेको जनाउँदै अधिकारीहरुले पेरेरामा उद्धार टोलीहरू एउटा क्षतिग्रस्त होटलको भग्नावशेषमुनि फसेका चार जनाको उद्धार गर्नको लागि तैनाथ रहेको बताएका छन् ।

सरकारी तथ्याङ्कले विपत्तिको परिमाणलाई पुष्टि गरेको छ भने पश्चिमी कोलम्बियामा हजारौँ आवासीय घर विद्यालय, तथा स्वास्थ्य सुविधाहरूका साथै सार्वजनिक पूर्वाधारहरूमा गम्भीर रूपमा क्षति पुर्याएको जनाइएको छ । भूकम्पले यस क्षेत्रको पूर्वाधारलाई प्रभावित बनाउनुका साथै हजारौँ परिवारलाई अस्थायी सुविधाहरूमा आश्रय लिन बाध्य पारेको जनाइएको छ । भकूम्प पछि आएका शक्तिशाली पराकम्पहरुको श्रृङ्खलाले उद्धार तथा राहत कार्यलाई थप जटिल बनाउनुका साथै पहिले नै क्षतिग्रस्त भएका भवनहरूमा थप जोखिम बढाएको जनाइएको छ ।

# कांग्रेसको संस्थापन इतरको राष्ट्रिय भेला राष्ट्रिय सम्मेलनमा परिणत



**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० साउन

नेपाली कांग्रेसको संस्थापनइतरको राष्ट्रिय भेला राष्ट्रिय सम्मेलनमा परिणत भएको छ । शुक्रबारदेखि सुरु भेलालाई शनिबार सम्मेलनमा परिणत गरिएको हो ।

४० प्रतिशत हाराहारी महाधिवेशन प्रतिनिधिको उपस्थिति भएको खण्डमा भेलालाई सम्मेलन बनाउने रणनीतिमा संस्थापनइतर समूह थियो । सोहीअनुसार ४० प्रतिशत महाधिवशेन प्रतिनिधिका सहभागिता रहेको इतर समूहका एक नेताले जानकारी दिए ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)